श्री ५ को सरकार

## शिक्षा तथा संस्कृति मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले मिति २०४१।२।२५ को निर्णयानुसार प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३ को अधिकार प्रयोग गरी प्राचीन काठमाडौं, हनुमानढोका दरबार क्षेत्रको दुरूपयोग वा त्यसमा कुनै किसिमको बेहिसाब हुन गर्न नदिन हनुमानढोका दरबार क्षेत्रको निम्नबमोजिमको चार किल्लाभित्रको प्राचीनस्थललाई संरक्षित स्मारक घोषित गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व– इन्द्रचोकबाट दक्षिण शुक्रपथ हुँदै श्री ३ जुद्ध शमशेरको सालिकसम्म ।

पश्चिम– मरू सिंह सत्तल, महादेव मन्दिर, काष्ठ मण्डल, मरू गणेशस्थान र जोशी आँगन हुँदै प्याफल यट्खा कुमारीस्थानसम्म ।

उत्तर– यट्खा कुमारीस्थानबाट पूर्व कम्पुकोत गल्ली हुँदै महेन्द्रेश्वर महादेव तथा मखन गणेशस्थान हुँदै मखन बजारबाट इन्द्रचोकको आकाश भैरबसम्म ।

दक्षिण– भुगोल पार्क श्री ३ जुद्ध शमशेरको सालिकबाट पश्चिम गंगापथ, वसन्तपुर ग्वांछे मुगल छिचोली मरूसम्म ।

आज्ञाले,
डा. नरसिंह नारायण सिंह
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## शिक्षा तथा संस्कृति मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले मिति २०४१।२।२५ को निर्णयानुसार प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३ को अधिकार प्रयोग गरी प्राचीन ललितपुर दरबार क्षेत्रको दुरूपयोग वा त्यसमा कुनै किसिमको बेहिसाब हुन गर्न नदिन ललितपुर दरबार क्षेत्रको निम्नबमोजिमको चार किल्लाभित्रको प्राचीनस्थललाई संरक्षित स्मारक घोषित गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व– चकबहिल बालकुमारीस्थानदेखि उत्तर हःखा, छुसिका गल्ली, भण्डारखाल पर्खालसंगैको गल्ली बाटो र जेतवर्ण महाबिहार हुँदै क्वाको– बलखु गणेशस्थानसम्म ।

पश्चिम– ईखालखुको चौबाटोदेखि उत्तर माहापाल, क्वालखु, धलायचा बाटो हुँदै नागबहाल ढोकाबाट नागबहालको ढुङ्गेधारासम्म ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।